मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३२ ◆ अङ्क : १०९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन २४ गते आइतबार (Sunday, 8 March. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## एक सीटमा खुम्चियो राप्रपा

**काठमाडौं, फागुन २३।** प्रतिनिधिसभाको निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टीले प्रत्यक्षतर्फ १ सीट जितेको छ।

जुम्लाबाट राप्रपाका उम्मेदवार ज्ञानबहादुर शाहीले राप्रपाको जितको खाता खोलेका हुन्।

शाहीले १४ हजार ८१६ मत ल्याएर बिजयी हुँदा उनका प्रतिस्पर्धी नेकपाबाट नरेश भण्डारीले ११ हजार ६३५ मत ल्याए। तेस्रो स्थानमा रहेका कांग्रेसका

*(बाँकी अन्तिम पृष्ठमा)*

### झापा 'निलो किल्ला'

# बालेनको ऐतिहासिक जित, ओलीको लज्जास्पद हार





निशा डाँगी
क्षेत्र नं. १



इन्दिरा राना मगर
क्षेत्र नं. २



प्रकाश पाठक
क्षेत्र नं. ३



शम्भु ढकाल सुस्केरा
क्षेत्र नं. ४

**झापा, फागुन २३।** आफ्नै निर्वाचन क्षेत्रमा नेकपा एमालेका अध्यक्ष समेत रहेका पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको लज्जास्पद हार भएको छ।

ओलीलाई हराउँदै राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) झापा ५मा बिजयी बनेका छन्। ओलीको बिराशत भत्काउने क्रममा उनले अहिलेसम्मकै सर्वाधिक मत प्राप्त गरे।

ओलीले संसदीय चुनावमा पराजय खेपेको यो दोस्रोपटक हो। योभन्दा अघि झापाका विभिन्न क्षेत्रबाट उनले ६ पटक जित हासिल गरेका थिए। २०६४ सालको संविधान सभा चुनावमा माओवादी लहरको शिकार बनेर उनले झापा ७बाट पराजय व्यहोर्नुपरेको थियो। २०७९ सालको चुनावमा ओलीले देशभरमै सर्वाधिक मत पाएर जितेका थिए। यसपटक भने ठीक उल्टो भएको छ। प्रतिस्पर्धी रास्वपाका उम्मेदवार बालेनले देशभरमै सर्वाधिक मत ल्याएर ओलीलाई हराएका छन्।

झापा ५मा १ लाख ६ हजार ३७२ मत खसेकोमा बालेन्द्र साहलाई ६८ हजार ३४८ र ओलीलाई १८ हजार ७३४ मत आएको थियो। उनीहरुबीच ४९ हजार ६ सय १४ मतको अन्तर छ। बालेनले ल्याएको मत अहिलेसम्मको सर्वाधिक हो भने मतान्तर दोस्रो धेरै हो। यसअघि रुपन्देही ३बाट लेखजंग थापाले ५० हजार मतान्तरले जितेका थिए। यस क्षेत्रमा अन्य सबै उम्मेदवारहरुको जमानत जफत भएको छ।

**निलो किल्ला बन्यो झापा**

कुनै समय नेकपा एमालेले आफ्नो 'लाल किल्ला' मान्ने झापामा यसपटक राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) ले निलो झण्डा गाडेको छ।

वहुदल पछि हुँदै आएका निर्वाचनमा झापामा आफ्नो पकड जमाउँदै आएको नेकपा एमाले यसपटक शून्य भएसँगै रास्वपाले निलो झण्डा फहराएको हो। पुराना भनिएका दल नेकपा एमाले, नेपाली कांग्रेस, नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीसहितका दललाई पाखा लगाउँदै रास्वपाले यो निर्वाचनमा आफ्नो पहिचान कायम गरेको छ।

विगतका निर्वाचनमा नेकपा एमाले, नेपाली कांग्रेस र कम्युनिष्ट पार्टीले आलोपालो जस्तै गरेर जित निकालेको क्षेत्रमा यस पटक भने नयाँ भनिएको रास्वपाले सम्पूर्ण क्षेत्रमा बिजय हासिल गरेको छ।

झापामा पाँचवटै निर्वाचन क्षेत्रमा रास्वपाले सहजै जित निकाल्यो। यो समाचार तयार पार्दासम्म झापाका पाँचवटै स्थानमा रास्वपाका उम्मेदवार अगाडि छन्। उनीहरुको मतान्तर अन्य उम्मेदवारको भन्दा चार गुण बढी छ। अधिकांश समय परिर्वतनका पक्षमा उभिने झापाली नागरिकले यसपटक पनि परिर्वतनको पक्षमा मत दिएर रास्वपाका उम्मेदवारलाई सदनको ढोका खोलिदिएका छन्।

*(बाँकी अन्तिम पृष्ठमा)*

## मोरङ ४ र ६मा एमालेसहित ३१ उम्मेदवारको जमानत जफत

**मोरङ, फागुन २३।** प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत मोरङका निर्वाचन क्षेत्र नम्बर ४ र ६ को अन्तिम मतपरिणाम सार्वजनिक भएको छ। मोरङ-४ को मतपरिणाम शुक्रबार राति र मोरङ-६को शनिबार बिहान घोषणा गरिएको हो। दुवै क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार विजयी भएका छन्।

मोरङ-४ बाट रास्वपाका सन्तोष राजवंशी ४० हजार ८३३ मतसहित विजयी भए। उनका निकटतम् प्रतिस्पर्धी नेपाली कांग्रेसका महामन्त्री गुरुराज घिमिरेले १२ हजार ८१८ मत प्राप्त गरे। तेस्रो स्थानमा रहेका नेकपाका अमनलाल मोदीले १० हजार ७६२ मत पाए। यस क्षेत्रमा एमालेका केन्द्रीय सदस्य जीवन घिमिरे ६ हजार ९३३ मतमै सीमित हुँदा जमानत जोगाउन सकेनन्। मोरङ-४मा एमालेका घिमिरे र राप्रपाका माधव आचार्यसहित १६ जना उम्मेदवारको जमानत जफत भएको छ। कांग्रेसका घिमिरे र नेकपाका मोदी भने जमानत जोगाउन सफल भएका छन्।

मोरङ-४मा कूल ७९ हजार ७७५ मत खसेको थियो। त्यसमध्ये ७४ हजार ५१९ मत सदर भएको र ५ हजार २५६ मत बदर भएको छ। यस क्षेत्रमा बदर मतको संख्या पनि उल्लेख्य रहेको छ।

त्यस्तै मोरङ-६बाट रास्वपाकी रुविना आचार्य ५५ हजार ५१३ मतसहित निर्वाचित भइन्। उनका प्रतिस्पर्धी नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले १२ हजार ८५० मत पाए। यो क्षेत्रमा कोइरालाको मात्र जमानत जोगिएको छ। तेस्रो स्थानमा रहेका नेकपा (एमाले)का बिनोद ढकालले ८ हजार ३१७ मत प्राप्त गरे पनि जमानत जोगाउन सकेनन्। नेकपाका ओपेन्द्र राय १ हजार ७ सय १६ मतमै सीमित भए। मोरङ-६ बाट एमालेका ढकाल, नेकपाका रायसहित १५ जना उम्मेदवारको जमानत जफत भएको छ।

मोरङ-६मा कूल ८९ हजार ८४७ मत खसेको थियो। त्यसमध्ये ८५ हजार २ सय ३३ मत सदर र ४ हजार ६ सय १६ मत बदर भएको छ। यो क्षेत्रमा पनि बदर मतको संख्या उल्लेख्य रहेको छ।

## विजय र्‍याली ननिकाल्न रास्वपाको आग्रह



**काठमाडौं, फागुन २३।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापति एवम् संघीय निर्वाचन सम्पादन समिति संयोजक डीपी अर्यालले रास्वपाबाट निर्वाचित हुने उम्मेदवार तथा पार्टीका शुभचिन्तकलाई विजयी र्‍याली ननिकाल्न आग्रह गरेका छन्।

एक भिडियो सन्देश जारी गर्दै उनले निर्वाचित हुने उम्मेदवारसँग अबिर जात्रा गर्ने, रमाइलो गर्ने, खुसी साटासाट गर्ने तथा र्‍याली गर्ने धेरैको चाहना भए पनि यो विजय जुलुस निकाल्ने समय नभएको बताए। यसपटकको निर्वाचन आउनुमा जेन-जी उमेर समूहका नानीबाबुहरुले ज्यान गुमाएको पीडा हामीसँग रहिरहेको उल्लेख गर्दै उनले मध्यपूर्वमा केही समय अघिदेखि भइरहेको घटनाका कारण पनि बिजय जुलुस ननिकाल्न आग्रह गरे।

हामीलाई जनताले सरकार बनाउन र जनताका लागि काम गर्नका लागि दिएको कार्यादेश हो, त्यसैले हामीले जनताका लागि काम गरेपछि मतदाताहरुसँग घरदैलो गर्ने नै छौँ- उनले भने। अर्यालले मतगणना स्थलमा मात्रै शुभेच्छुकलाई धन्यवाद दिन आग्रह गरे।

त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले निर्वाचन परिणामलाई लिएर विभिन्न तह र सामाजिक सञ्जाललगायत माध्यमबाट टीकाटिप्पणी नगर्न सम्पूर्ण पार्टीपङ्तिमा आग्रह गरेको छ।

सो पार्टीको केन्द्रीय अनुशासन आयोगका कार्यवाहक प्रमुख रमाकान्त रिमालले शनिवार विज्ञप्ति जारी गर्दै जनताको अभिमतलाई उच्च मूल्याङ्कन गरी पूर्ण विश्वासका साथ जवाफदेहीपूर्ण कार्यसम्पादन गर्न अनुरोध गरेका हुन्।

निर्वाचनको पूर्ण परिणाम आउन अझै केही समय धैर्य गर्नुपर्ने देखिन्छ। यसै सन्दर्भमा पार्टीका सम्पूर्ण जिम्मेवार सदस्यलाई धैर्यपूर्वक अन्तिम परिणामको प्रतीक्षा गर्न आयोग हार्दिक अनुरोध गर्दछ- विज्ञप्तिमा भनिएको छ- निर्वाचनको यस घडीमा त्यस्ता गतिविधि भए गरेको कहीँकतै भेटिएमा पार्टीको विधान, कार्यविधि, आचारसंहिताका आधारमा कारबाही हुनेतर्फ आयोग सबैलाई सचेत गराउँदछ। पार्टीको निर्देशन विपरीत कुनै किसिमका गतिविधि नगर्न पार्टीपङ्तिलगायत सम्पूर्णमा अनुरोध गरिएको छ।

## कैदीमाथि कत्ती प्रहार

**विराटनगर, फागुन २३।** जिल्ला कारागार मोरङमा राति सुतिरहेका कैदीबन्दीमाथि चौकीदारले कत्ती प्रहार गरेका छन्।

शनिबार बिहान भएको कत्ती प्रहारबाट दुई जना घाइते भएका छन्। घाइतेमध्ये एक जनाको अवस्था गम्भीर र एक जनाको मध्यम रहेको प्रहरीले जनाएको छ। घाइते हुनेमा एक जना भारतीय नागरिक छन्।

घटनामा परेर भारतको उत्तरप्रदेश दिनाजपुर गौरी घर भएका ३५ वर्षीय चञ्चल बर्मन र मोरङको ग्रामथान गाउँपालिका-५ घर भएका २८ वर्षीय सञ्जय चौधरी घाइते भएको कारागार प्रशासक गौरव ढुंगेलले जानकारी दिए।

## राजनीतिबाट बिदा लिए मिश्रले

**काठमाडौं, फागुन २३।** रवीन्द्र मिश्रले सक्रिय राजनीतिबाट तत्कालका लागि बिदा लिने घोषणा गरेका छन्।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का वरिष्ठ उपाध्यक्ष समेत रहेका मिश्रले काठमाडौं-१बाट प्रतिनिधिसभा सदस्यमा पराजित भएपछि सामाजिक सञ्जालमार्फत यस्तो निर्णय सार्वजनिक गरेका हुन्। मिश्रले आफूले लिएको निर्णय कुनै निराशा, हताशा वा हतारमा नभई धेरै सोच-विचारपछि गरेको बताएका छन्।

उनले देशभरि राजसंस्था पुनर्स्थापनाको पक्षमा व्यापक जनमत भए पनि पार्टीले त्यसलाई संगठित र पुँजीकृत गर्न नसकेको स्वीकार गर्दै त्यसको जिम्मेवारी आफूले पनि लिएको उल्लेख गरेका छन्। विज्ञप्तिमा उनले बदलिँदो भूराजनीतिक

*(बाँकी अन्तिम पृष्ठमा)*

## ११ स्थानमा महिला उम्मेदवार विजयी

**काठमाडौँ, फागुन २३।** प्रतिनिधिसभा सदस्य निर्वाचनको जारी मतगणनामा हालसम्म ११ स्थानमा महिला उम्मेदवार विजयी भएका छन्।

निर्वाचन आयोगका अनुसार काठमाडौँ-१मा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)की रञ्जु न्यौपाने १५ हजार ४५५ मत प्राप्त गरी विजयी भएकी छिन्। मोरङ-६मा रास्वपाकी रुविना आर्चाय ५५ हजार ५१३ मत, कास्की-३मा रास्वपाकी बिना गुरुङ ३७ हजार ७५० मत र कैलाली-१ रास्वपाकी कोमल ज्ञवाली १७ हजार ८२६ मत प्राप्त गरी विजयी भए। दैलेख निर्वाचन क्षेत्र नं १मा नेपाली कांग्रेसकी उम्मेदवार बासना थापाले १२ हजार ३७२ मत प्राप्त गरी विजयी भएकी छिन्।

जारी मतगणनामा रास्वपाकी सोविता

*(बाँकी अन्तिम पृष्ठमा)*

# कसरी पाइन्छ समानुपातिक सिट ?

**काठमाडौँ, फागुन २३।** के जारी प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिकतर्फको सिट प्राप्त गर्न प्रत्यक्षतर्फ १ सिट जित्नै पर्छ? सिधा उत्तर पर्दैन।

यसबारे धेरैमा भ्रम देखिएको छ कि प्रत्यक्षमा कम्तिमा १ स्थानमा विजय प्राप्त नगरे समानुपातिकतर्फ थ्रेस होल्ड कटाए पनि सिट पाउँदैन भन्ने। समानुपातिकतर्फको निर्वाचन परिणामको शुरुवाती परिणाम अनुसार श्रम संस्कृति पार्टी र राष्ट्रिय परिवर्तन पार्टीले थ्रेस होल्ड कटाउने स्थिति देखिएको छ।

यी दुबै पार्टीले हालसम्म प्रत्यक्षतर्फ एक सिट पनि जितेका छैनन्। श्रम संस्कृति पार्टीले ५ स्थानमा अग्रता लिइरहेको छ। तर जीत हाँसिल गरेका छैन। कुलमान घिसिङ नेतृत्वको उज्यालो पार्टीसँग समानुपातिक निर्वाचनमा सहकार्य गरेको राष्ट्रिय परिवर्तन पार्टीको प्रत्यक्षतर्फ कतै जीत हाँसिल गर्ने अवस्थासहितको अग्रता छैन। यस्तो अवस्थामा ती पार्टीले समानुपातिकतर्फ कूल सदर मतको ३ प्रतिशत मत ल्याए वा थ्रेस होल्ड कटाए सिट पाउँछ पाउँदैन ?

निर्वाचन आयोगका अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचन प्रणाली २०७४को दफा ६०को उपदफा ११ मा यस सम्बन्धि व्यवस्था छ। उक्त ऐन अनुसार समानुपातिकतर्फको सिट प्राप्त गर्न ३ प्रतिशतको थ्रेस होल्ड कटाउन मात्र जरुरी छ। प्रत्यक्षतर्फ कम्तिमा १ सिट ल्याउनै पर्ने जरुरी छैन।

**भ्रम कसरी ?**

यहाँ धेरैलाई 'भ्रम' सिर्जना भएको राष्ट्रिय दलको मान्यता प्राप्त गर्न पाउनुपर्ने मत र सिट संख्याको कारण हो। राजनीतिक दलसम्बन्धी



ऐन २०७२को दफा ५२मा 'राष्ट्रिय दलको मान्यता' सम्बन्धि व्यवस्था छ।

उक्त दफामा 'प्रतिनिधिसभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा तीन प्रतिशत मत र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक सिट प्राप्त गर्ने दलले मात्र राष्ट्रिय दलको रुपमा मान्यता प्राप्त गर्नेछ' भन्ने उल्लेख छ। आम मानिसलाई राजनीतिक दल सम्बन्धी यही नियमका अनुसार भ्रम सिर्जना भएको छ। यो व्यवस्था राष्ट्रिय दल बन्नका लागि मात्र हो। संसदमा सिट संख्या प्राप्त गर्नेबारे होइन।

**यसको अर्थ के हो ?**

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ र राजनीतिक दल सम्बन्धी ऐन २०७३मा भएका यी व्यवस्थाहरु फरक-फरक अवस्थाका लागि निर्माण गरिएका हुन्।

यी दुबै ऐन अनुसार राष्ट्रिय दल बन्नका लागि कम्तिमा प्रत्यक्षतर्फ १ सिट र समानुपातिक निर्वाचन प्रणालीमार्फत कूल सदर मतको कम्तिमा ३ प्रतिशत मत ल्याउन आवश्यक छ। तर, यी दुबै पूरा नभएको खण्डमा वा प्रत्यक्षतर्फबाट कम्तीमा १ सिट जिते पनि समानुपातिको थ्रेस होल्ड कटाउन नसक्ने दल राष्ट्रिय पार्टी हुँदैन।

समानुपातिकतर्फ थ्रेस होल्ड कटाए पनि प्रत्यक्षमा १ सिट नजितेमा पनि कुनै दल राष्ट्रिय दल बन्न सक्दैन। अर्थात, त्यस्तो अवस्थामा निर्वाचित हुने कुनै पनि दलका सांसद स्वतन्त्र सांसद सरह हुन्छन्। जसरी यसअघि तात्तकालीन नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का प्रत्यक्षतर्फ १० सिट रहे पनि समानुपातिक मतमा ३ प्रतिशतको थ्रेस होल्ड नकटाएकाले उनीहरु स्वतन्त्र सांसद सरह थिए।

**यसअघिको अभ्यास**

बागमती प्रदेशमा विवेकशील साझा पार्टीले प्रत्यक्षतर्फ एक सिट पनि जितेको थिएन। तर, प्रदेशसभा सदस्य निर्वाचन प्रणाली अनुसार समानुपातितर्फ १.५ प्रतिशत कटाएका थिए। त्यसैले उक्त पार्टीले तीन सिट प्राप्त गरेको थियो। जसमा सिन्धुपाल्चोकका रमेश पौडेल, ललितपुरकी शोभा शाक्य र काठमाडैका बिराजभक्त श्रेष्ठ थिए। बिराज अहिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को काठमाडौं क्षेत्र नं. ८बाट प्रतिनिधिसभामा निर्वाचित भएका छन्।

## तनाव व्यवस्थापनमा परिवारको भूमिका

- परिवारका सदस्यको कुरा ध्यानपूर्वक सुनौं र सहानुभूति प्रकट गरौं।
- स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गरौं।
- सामाजिक रुपमा सक्रिय रहन सहयोग गरौं।
- घरपरिवारका सदस्यसंग नियमित कुराकानी गरौं।
- जीवनका स-साना प्रयास वा उपलब्धिमा खुशी मनाऔं।
- साथी तथा इष्टमित्रसंग भेटघाट गर्ने बानी बसालौं।

**आवश्यक परेमा मनोपरामर्शकर्तासंग परामर्श लिऔं।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



# मध्यपूर्व युद्धः तनाव तीव्र, आक्रमण र प्रतिआक्रमण जारी

**काठमाडौं, फागुन २३।** अमेरिका-इजरायल र इरानबीच चर्किएको मध्यपूर्व युद्ध अझ फैलिँदै जाँदा क्षेत्रभरि सैन्य गतिविधि तीव्र बनेको छ। खाडी क्षेत्रदेखि लेबनान, सिरिया र इराकसम्म विस्फोट, क्षेप्यास्त्र प्रहार, ड्रोन आक्रमण र सैन्य कारबाहीका खबरहरू आएका छन् भने विश्व अर्थतन्त्र र ऊर्जा आपूर्तिमा पनि यसको प्रभाव देखिन थालेको छ।

शनिबार दुबई र बहराइनको राजधानी मानामामा शक्तिशाली विस्फोटको आवाज सुनिएको एएफपीका पत्रकारहरूले जनाएका छन्। इरानले खाडी क्षेत्रका लक्ष्यहरूमा प्रतिशोधात्मक आक्रमण सुरु गरेको एक हप्तापछि यी विस्फोटहरू सुन्निएको हो। मानामामा चेतावनी साइरन बजाइएको थियो र बहराइनको गृह मन्त्रालयले सामाजिक सञ्जालमार्फत स्थानीय बासिन्दालाई नजिकको सुरक्षित स्थानमा जान आग्रह गरेको थियो।

यसैबीच अमेरिकी विदेश मन्त्रालयले इजरायललाई १२ हजार बम क्यासिङ बिक्री गर्न 'आपतकालीन' स्वीकृति दिएको जनाएको छ। विदेश मन्त्रालयको राजनीतिक-सैन्य मामिला ब्युरोका अनुसार प्रस्तावित बिक्रीले इजरायलको रक्षा क्षमता सुदृढ बनाउने, वर्तमान र भविष्यका खतराहरू सामना गर्न सहयोग गर्ने तथा क्षेत्रीय खतराविरुद्ध निवारकका रूपमा काम गर्ने अपेक्षा गरिएको छ।

इरानबाट गरिएको क्षेप्यास्त्र आक्रमणपछि इजरायली सेनाले देशभरि हवाई आक्रमणको चेतावनी जारी गरेको जनाएको छ। इरानले आफ्नो सर्वोच्च नेता आयातुल्ला अली खामेनीको हत्या र देशभरका लक्ष्यहरूमा गरिएको अमेरिका-इजरायलको संयुक्त सैन्य कारबाहीको बदला लिन इजरायलमाथि लगातार आक्रमण गरिरहेको बताइएको छ।

यसै क्रममा लेबनान-सिरिया सीमामा पनि तनाव चर्किएको छ। लेबनानी सरकारी मिडियाका अनुसार इजरायलले उक्त क्षेत्रमा अवतरण कारबाहीको प्रयास गर्दा झडप भएको थियो। तेहरान समर्थित हिजबुल्लाहले आफ्ना लडाकूहरू त्यस झडपमा संलग्न रहेको जनाएको छ। खामेनीको हत्याको बदला भन्दै हिजबुल्लाहले सोमबार इजरायलतर्फ क्षेप्यास्त्र प्रहार गरेपछि इजरायलले लेबनानमा थप सेना पठाएको थियो।

खाडी क्षेत्रमा पनि आक्रमणको प्रयास जारी रहेको छ। साउदी अरेबियाको रक्षा मन्त्रालयले अमेरिकी सैन्य कर्मचारीहरू बसोबास गर्ने एक हवाई अड्डातर्फ प्रहार गरिएको ब्यालेस्टिक मिसाइल अवरोध गरिएको जनाएको छ। राज्य समाचार एजेन्सीका अनुसार यसअघि पूर्वी क्षेत्रमा रहेको रास तनुरा रिफाइनरी लक्षित गरी गरिएको ड्रोन आक्रमणपछि इमिराती सीमासँगैको तेल क्षेत्रमा गरिएको अर्को ड्रोन आक्रमण पनि विफल पारिएको थियो।



इरानको राजधानी तेहरानमा पनि शनिबार ठूलो विस्फोट भएको इरानी राज्य प्रसारणकर्ताले जनाएको छ। त्यसपछि इजरायली सेनाले तेहरानका लक्ष्यहरूमा 'व्यापक स्तरका आक्रमण' सुरु गरिएको पुष्टि गरेको थियो। इजरायलका अनुसार इरानबाट नयाँ चरणको क्षेप्यास्त्र प्रहार भएपछि तेल अभिव क्षेत्रमा श्रृंखलाबद्ध विस्फोट सुनिएका थिए।

इजरायलले इरानमाथि युद्ध शुरु भएयता 'धेरै पटक' क्लस्टर बम प्रयोग गरेको आरोप पनि लगाएको छ। यी हतियारहरू हावामा विस्फोट भएर साना बमहरू छरिने भएकाले लामो समयसम्म नागरिकका लागि जोखिमपूर्ण हुने मानिन्छ। इरान र इजरायल दुवै क्लस्टर बमको प्रयोग र उत्पादन प्रतिबन्ध गर्ने अन्तर्राष्ट्रिय महासन्धिमा सहभागी छैनन्।

यसैबीच अमेरिकाले रुसले इरानलाई खुफिया सहयोग दिएको भन्ने समाचारबारे टिप्पणी गरेको छ। वासिङ्टन पोस्टले अमेरिकी गुप्तचर अधिकारीहरूलाई उद्धृत गर्दै रुसले इरानलाई जहाज र विमानसहित अमेरिकी सैन्य सम्पत्तिको अवस्थाबारे जानकारी उपलब्ध गराएको जनाएको थियो। तर, ह्वाइट हाउसले यस विषयलाई कम महत्व दिँदै पेन्टागन प्रमुख पीट हेगसेथले अमेरिकी कमान्डरहरू अवस्थाबारे पूर्ण रूपमा सचेत रहेको बताएका छन्।

इरानले भने आफ्नो नेतृत्व चयन प्रक्रियामा अमेरिकी हस्तक्षेप अस्वीकार गरेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले खामेनीको उत्तराधिकारी चयन प्रक्रियामा आफू संलग्न हुनुपर्ने बताएका थिए। त्यसप्रति प्रतिक्रिया दिँदै संयुक्त राष्ट्रसङ्घका लागि इरानका राजदूत अमिर सइद इरवानीले इरानको नेतृत्व चयन संवैधानिक प्रक्रिया र जनताको इच्छा अनुसार हुने स्पष्ट पारे।

युद्ध चर्किँदै जाँदा अमेरिकाले हतियार उत्पादन बढाउने घोषणा पनि गरेको छ। ट्रम्पका अनुसार प्रमुख अमेरिकी रक्षा कम्पनीहरूले उन्नत हतियारको उत्पादन चार गुणासम्म बढाउन सहमति जनाएका छन्। अमेरिकी सेनाका अनुसार द्वन्द्व शुरु भएको पहिलो सातामै तीन हजारभन्दा बढी लक्ष्यमा प्रहार गरिएको छ।

युद्धको असर विश्व अर्थतन्त्रमा पनि देखिन थालेको छ। खाडी क्षेत्रमा तेल आपूर्ति अवरुद्ध हुने आशङ्काले कच्चा तेलको मूल्य तीव्र रूपमा बढेको छ। वेस्ट टेक्सास इन्टरमिडियेट कच्चा तेलको मूल्य शुक्रबार १२ प्रतिशतले बढेर प्रति ब्यारेल ९०.९२ डलर पुगेको छ। यो साप्ताहिक रूपमा ठूलो वृद्धि मानिएको छ।

इराकमा पनि तनाव बढेको छ। रकेटहरूले बगदाद अन्तर्राष्ट्रिय विमानस्थल परिसरलाई लक्षित गरेका थिए, जहाँ सैन्य आधार र अमेरिकी कूटनीतिक सुविधा रहेका छन्। 'सराया अवलिया अल-दम' नामक छद्म समूहले उक्त आक्रमणको जिम्मेवारी लिएको दाबी गरेको छ, जसलाई इरान समर्थित इस्लामिक प्रतिरोध समूहको हिस्सा मानिन्छ।

अमेरिकी राष्ट्रपति ट्रम्पले कुवेतमा इरानी ड्रोन आक्रमणमा मारिएका छ जना अमेरिकी सैनिकको पार्थिव शरीर स्वदेश फर्किने क्रममा आफू उपस्थित हुने बताएका छन्। उनका अनुसार दक्षिणी औद्योगिक केन्द्र पोर्ट शुआइबामा भएको आक्रमणमा ती सैनिक मारिएका थिए।

दक्षिणी लेबनानमा संयुक्त राष्ट्रसंघको शान्ति सेनाको आधार क्षेत्रमा भएको आक्रमणमा घानाका धेरै शान्ति सैनिक घाइते भएको पनि रिपोर्ट आएको छ। आक्रमण कसले गरेको भन्ने स्पष्ट नभए पनि त्यस क्षेत्रमा इजरायल र हिजबुल्लाहबीच लगातार लडाइँ भइरहेको छ।

यसबीच ट्रम्पले युद्ध अन्त्यका लागि इरानले 'बिना शर्त आत्मसमर्पण' गर्नुपर्ने माग दोहोऱ्याएका छन्। उनले इरानले यस्तो कदम चालेमा देशको अर्थतन्त्र पुनर्निर्माणमा सहयोग गर्ने वाचा पनि गरेका छन्, यो प्रस्ताव अमेरिकाले यसअघि बताएको सैन्य उद्देश्यभन्दा अझ व्यापक भएको विश्लेषण गरिएको छ। संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले भने मध्यपूर्वमा भइरहेको 'गैरकानूनी आक्रमण' को निन्दा गर्दै युद्ध नियन्त्रण बाहिर जान सक्ने चेतावनी दिएका छन्। उनका अनुसार जारी सङ्कटले ठूलो मानवीय पीडा निम्त्याइरहेको छ र विश्व अर्थतन्त्रका लागि गम्भीर जोखिम सिर्जना गरिरहेको छ।

युद्धको प्रभाव प्रमुख जलमार्ग स्ट्रेट अफ होर्मुजमा पनि देखिएको छ। एएफपीले विश्लेषण गरेको मरिन ट्राफिक डाटा अनुसार सोमबारदेखि केवल नौ तेल ट्याङ्कर, कार्गो र कन्टेनर जहाज मात्र उक्त जलमार्ग हुँदै गुज्रिएका छन्। सामान्य अवस्थामा विश्वको कच्चा तेलको करिब २० प्रतिशत र तरलीकृत प्राकृतिक ग्यासको करिब २० प्रतिशत यही मार्गबाट ओसारपसार हुने गर्दछ।

यता फ्रान्सले पनि भूमध्यसागर क्षेत्रमा सैन्य उपस्थिति बढाएको छ। फ्रान्सेली सेनाका अनुसार हेलिकप्टर बोक्ने जहाज त्यहाँ तैनाथ गरिएको छ। पेरिसले यसअघि नै आफ्नो मुख्य एयरक्राफ्ट क्यारियर र फ्रिगेटहरू पनि क्षेत्रतर्फ पठाउने निर्णय गरेको जनाएको छ।

# संसद्मा हुने छैनन् संसदीय राजनीतिका यी चर्चित अनुहार

**काठमाडौं, फागुन २३।** पटक-पटक प्रधानमन्त्री बनेका र नेपालमा बहुदलीय प्रजातन्त्र पुनर्स्थापना भए यता अधिकांश निर्वाचनमा सांसद बनेका कैयौं नेताहरू यो पटक प्रतिनिधिसभामा नदेखिने भएका छन्।

नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्ड योपटक संसद्मा पुग्ने एक जना मात्रै पूर्वप्रधानमन्त्री हुनेछन्। उनी बाहेक यो निर्वाचनमा कैयौँ पूर्वप्रधानमन्त्रीदेखि पार्टीका प्रमुख र चर्चित नेताहरू कि पराजित भइसकेका छन् कि त दोस्रो वा तेस्रो स्थानमा प्रतिस्पर्धा गरिरहेका छन्।



**केपी शर्मा ओली**

वि.सं. २०७० साल पछिका निर्वाचनमा फराकिलो मतान्तरसहित झापा ५बाट निर्वाचित हुँदै आएका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली यो निर्वाचनमा नराम्रोसँग पराजित भएका छन्।

काठमाडौं महानगरपालिकाको मेयरबाट राजीनामा दिएर झापा ५को निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएका बालेन्द्र शाह बालेनले ओलीलाई झण्डै ५० हजार मतले हराएका छन्।

यो क्षेत्रको अन्तिम चुनावी परिणामको औपचारिक घोषणा हुँदा यो निर्वाचनमा पराजित हुने सबैभन्दा 'हेभी वेट' नेता ओली नै भएका छन्। चारपटक प्रधानमन्त्री भइसकेका र तेस्रो कार्यकाल नेकपा एमालेको अध्यक्ष चलाइरहेका ओली गतभदौको जेन-जी आन्दोलनले पदच्युत गरेका सरकार प्रमुख हुन्।

केपी ओलीको यो पहिलो पराजय चाहिँ होइन। उनी वि.सं. २०६४ सालको संविधानसभा निर्वाचनमा पनि पराजित भएका थिए। तत्कालीन समयमा पार्टीको कुनै पदीय जिम्मेवारीमा नभए पनि प्रभावशाली नेता मानिने ओली उक्त चुनावमा माओवादीका विश्वदीप लिङ्देनसँग पराजित भएका थिए।

**शेरबहादुर देउवा**

ओलीसँगै सत्ता साझेदारी गरेका, पाँचपटक प्रधानमन्त्री रहिसकेका नेपाली कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवा पनि यो पटक संसद्मा देखिने छैनन्।

वि.सं. २०४८ सालदेखि डडेलधुरा र कञ्चनपुरबाट निरन्तर चुनाव जितिरहेका देउवा भदौ २४को हिंसात्मक आन्दोलनका क्रममा आफ्नै घरमा आक्रमणमा परे।

लामो समय उपचार गराएर पुनः पार्टी राजनीतिमा फर्कने प्रयास गरिरहेका देउवालाई पार्टी महाधिवेशन प्रतिनिधिहरूले विशेष महाधिवेशनमार्फत पदबाट हटाइदिए। यद्यपि विशेष महाधिवेशनको आधिकारिकता विवाद सर्वोच्च अदालतमा विचाराधीन छ।

एमालेसँगको सहमति अनुसार आगामी असार अन्तिमबाट प्रधानमन्त्री बन्ने पर्खाइमा रहेका देउवा जेन-जी आन्दोलनपछि पार्टी नेतृत्वबाट पनि हट्नु परेपछि यो निर्वाचनमा उम्मेदवार समेत बन्न पाएनन्।

**माधवकुमार नेपाल**

सशस्त्र द्वन्द्वमा रहेको नेकपा माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन सक्रिय भूमिका निभाउने नेता मध्येका एक पूर्वप्रधानमन्त्री माधवकुमार नेपालका लागि नवयुवा आन्दोलनपछिको चुनाव भारी परेको छ। कैयौँपटक चुनाव जितेको रौतहट-१मा योपटक नेपालले चौथो स्थानमा चित्त बुझाउनु पऱ्यो।

रौतहट १मा राष्ट्रिय स्वतन्त्र पार्टीका राजेशकुमार चौधरी निर्वाचित भएका छन्। हाल नेपाली कम्युनिष्ट पार्टीका नेता माधव नेपाल यसअघि २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा पनि पराजित भएका थिए। त्यसबेला एमालेको नेतृत्व गरिरहेका नेपाल काठमाडौं २ र रौतहट १ दुवै ठाउँबाट पराजित भएका थिए। नेपाललाई दुवै ठाउँबाट राजनीतिमा चर्चामा नभएका उम्मेदवारले पराजित गरेका थिए। काठमाडौंमा नेपाललाई माओवादीका झक्कु सुवेदीले र रौतहटमा स्वतन्त्र उम्मेदवार बबन सिंहले पराजित गरेका थिए।

**संसद्मा हुने छैनन् यी तीन पूर्व प्रधानमन्त्री**

केपी ओली, शेरबहादुर देउवा र माधव नेपाल जस्तै नेपालका अरू तीन जना निर्वाचित पूर्वप्रधानमन्त्रीहरू पनि योपटक संसद्मा हुने छैनन्।

पूर्वप्रधानमन्त्रीहरू बाबुराम भट्टराई, झलनाथ खनाल र लोकेन्द्रबहादुर चन्द क्रमशः संसदीय प्रतिस्पर्धाबाट अलग हुँदै गएका छन्। अघिल्लो निर्वाचनमा गृहजिल्ला इलाममा पराजित भएका खनाल योपटक उम्मेदवार नै बनेनन्। वि.सं. २०४८ सालदेखि २०५६ बाहेकका सबैजसो निर्वाचनमा सांसद रहेका पूर्व प्रधानमन्त्री खनाल पनि नयाँ संसद्मा नदेखिने राजनीतिज्ञ हुन्।

अघिल्लोपटक आफ्नो चुनावी क्षेत्र अर्का पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाललाई छोडेका बाबुराम भट्टराई योपटक गोरखा २बाट उम्मेदवार बनेका थिए। तर, मतदान अघि नै भट्टराईले आफ्नो उम्मेदवारी फिर्ता लिए।

वि.सं. २०४० देखि २०६० सालको बीचमा चार पटक प्रधानमन्त्री बनेका राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता लोकेन्द्रबहादुर चन्द पछिल्ला चुनावहरूमा उम्मेदवार छैनन्। उनी पछिल्लो पटक २०६४ सालको संविधानसभासम्म सभासद् थिए।

**अरू प्रभावशाली राजनीतिक अनुहारहरू**

यो निर्वाचनमा कांग्रेस र एमालेका प्रभावशाली नेताहरू पनि पराजित भएका छन्।

नेकपा एमालेका उपाध्यक्ष तथा पूर्व उपप्रधानमन्त्री विष्णु पौडेल २८ वर्षका शुलभ खरेलसँग ठूलो मतान्तरले पराजित भए। पौडेल पनि पछिल्ला संसदीय चुनावमा निरन्तर अपराजित रहेका नेता हुन्।

नेकपा एमालेका अर्का उपाध्यक्ष पूर्वमन्त्री पृथ्वीसुब्बा गुरुङ पनि रास्वपाका धर्मराज केसीसँग पराजित भए। यो निर्वाचनमा नेपाली कांग्रेसका प्रभावशाली नेता शेखर कोइराला निकै फराकिलो मतान्तरले पराजित भए। उनलाई रास्वपाकी रुविना आचार्यले ४२ हजार मतान्तरले पराजित गरेकी हुन्।

कांग्रेसका महामन्त्रीद्वय गुरुराज घिमिरे र प्रदीप पौडेल पनि रास्वपाका नयाँ उम्मेदवारसँग पराजित भए। नयाँ पार्टी खोलेर पहिलो पटक निर्वाचनमा भाग लिएका पूर्व ऊर्जामन्त्री कुलमान घिसिङ पनि काठमाडौंमा रास्वपाका राजुनाथ पाण्डेसँग पराजित भएका छन्।

नेपाल मजदुर किसान पार्टीका पटक-पटक सांसद भएका प्रेम सुवाल पनि योपटक पराजित बनेका छन्। त्यसबाहेक नेपाली कांग्रेसका सभापति गगन थापा, प्रगतिशील लोकतान्त्रिक पार्टीका नेता तथा पूर्वमन्त्री जनार्दन शर्मा, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन समेत पराजित भएका छन्।

त्यसैगरी जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष सीके राउत लगायतका कैयौँ दलका प्रमुख नेताहरू पनि मतगणनामा पछाडि परेको वीवीसीले उल्लेख गरेको छ।

## बालेनको ...

जेन-जी आन्दोलनपछि भएको यो निर्वाचनलाई दलहरुले महत्वका साथ लिएका थिए। गत निर्वाचनमा सबैभन्दा ठूलो दल बनेको नेपाली कांग्रेस र दोस्रो ठूलो दल नेकपा एमालेका उम्मेदवारले झापामा लज्जास्पद हार व्यहोरेका छन्। २०४८ सालदेखि झापा क्षेत्र नम्बर ५बाट निरन्तर जित निकाल्दै आएका एमाले अध्यक्ष केपी शर्मा ओलीले २०६४पछि २०८२मा नराम्रो हार व्यहोर्नुपऱ्यो।

झापा ५को निर्वाचनलाई हेर्ने हो भने कम्युनिष्ट पार्टी बाहेक अन्य पार्टीले जित निकाल्न सकेका थिएनन्। तर, गत निर्वाचनमा देशभर सर्वाधिक मत ल्याएर बिजयी भएका केपी शर्मा ओलीलाई रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह 'बालेन'ले भारी मतान्तरले पराजीत गर्दै नमिठो हार चखाएका छन्।

यता झापा ३मा आफू बाहेक अरुको विकल्प नदेखेका राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन रास्वपाका उम्मेदवार प्रकाश पाठकसँग भारी मतान्तरले पराजित भएका छन्। यसअघिका निर्वाचनमा नेपाली कांग्रेसका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलालाई पराजित गर्दै दुईपटक लिङ्देन यो क्षेत्रबाट निर्वाचित हुँदै उपप्रधानमन्त्री समेत बनेका थिए।

संघीयता बिरोधी राप्रपाले संघीयतालाई नै अंगिकार गर्दै निर्वाचनमा होमिँदै आएको थियो। झापा ५ र झापा ३मा एमाले र राप्रपाले पटक-पटक तालमेल गर्दै संसदीय यात्रा तय गरेका थिए। यसपटक भने यी दुई दलसहित कुनै पनि दलले गठबन्धन नगर्दा पुराना भनिएका दल र तिनका उम्मेदवारले आफ्नो बलमा झापामा एक सिट पनि जित्न सकेनन्।

यता झापा २मा यसअघिको निर्वाचनमा विजयी बनेर सभामुख जस्तो सम्मानित पदमा पुगेका देवराज घिमिरेले रास्वपाकी उम्मेदवार एवम् उनकै कार्यकालकी उपसभामुख इन्दिरा राना मगरसंग पराजित हुने निश्चित छ।

उता गतनिर्वाचनमार्फत समानुपातिक कोटाबाट रास्वपाको नेतृत्व गर्दै कान्छी सांसदको परिचय बनाएकी निशा डाँगीले कांग्रेस उपसभापति विश्वप्रकाश शर्माको निर्वाचन क्षेत्रबाट एमालेसहितका दललाई पाखा लगाउँदै सहज जित निकाल्ने अवस्थामा पुगेकी छन्।

उता पूर्व प्रहरी समेत रहेका रास्वपाका नेता शम्भु ढकाल सुस्केराले लगातार जित निकाल्दै आएका एमालेका उम्मेद्वार लालप्रसाद साँवा लिम्बूलाई रोकेर संसदको यात्रा तय गर्ने पक्का भएको छ। सोही क्षेत्रमा कांग्रेसका झापा जिल्ला सभापति समेत रहेका देउकुमार थेवे तेस्रोपटक पराजित भएका छन्। पुराना र आफूहरुसंग संगठन र जनाधार छ भन्ने दलहरु नै यस पटक पराजित हुन पुगेका हुन्।

**काठमाडौंमा रास्वपाको 'क्लीन स्वीप'**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले काठमाडौंका १० वटै निर्वाचन क्षेत्रमा 'क्लीन स्वीप' गरेको छ। रास्वपाका १० जना उम्मेदवारले प्रतिस्पर्धीहरुभन्दा फराकिलो अन्तरले क्लीन स्वीप गरेका हुन्।

अघिल्लो आम निर्वाचनमा रास्वपाले काठमाडौंका ४ सिटमा जित हासिल गरेको थियो। ती क्षेत्रहरुका साथसाथै अन्य ६ क्षेत्रमा पनि रास्वपाले यसपटक जितेको छ। काठमाडौं-१मा रञ्जु न्यौपाने, काठमाडौं-२मा सुनिल केसी, ३मा राजुनाथ पाण्डे, ४मा पुकार बम, ५मा सस्मित पोखरेल, ६मा शिशिर खनाल, ७मा गणेश पराजुली, ८मा विराजभक्त श्रेष्ठ, ९मा डोलप्रसाद अर्याल र १०मा प्रदीप विष्ट बिजयी भएका छन्।

**पूर्वी पहाडमा कमजोर**

समग्र निर्वाचन परिणाम अनुसार आँधिमय बेगमा अघि बढिरहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पूर्वी पहाडी क्षेत्रमा भने राम्रो प्रदर्शन गर्न सकेन।

पूर्वी पहाडमा रास्वपाको सबैभन्दा राम्रो ओखलढुङ्गामा देखिएको छ। त्यहाँ रास्वपा दोस्रो स्थानमा छ। बेलुकासम्मको परिणाम अनुसार त्यहाँ पहिलो स्थानमा रहेका नेपाली कांग्रेसका उम्मेदवार कुमार लुइँटेलले ७ हजार ४ सय ४ मतका साथ अग्रता लिइरहँदा, दोस्रो स्थानमा पछ्याइरहेका रास्वपाका विश्वराज पोखरेलले ६ हजार २ सय ३ मत प्राप्त गरेका छन्। यो एक हजार २ सय ३ मतको अन्तर हो।

त्यसबाहेक सोलु, खोटाङ, भोजपुर, पाँचथर र ताप्लेजुङमा रास्वपा पाँचौं स्थानमा छ। तेह्रथुममा नेपाली कांग्रेसका सन्तोष सुब्बा विजयी भइसकेका छन्। त्यहाँ रास्वपाका सुरेन्द्र कार्की ७ हजार ७ सय २३ मतका साथ तेस्रो स्थानमा रहे। धनकुटामा ६ हजार ९ सय ५६ मतका साथ रास्वपाका दिनेश भण्डारी चौथो स्थानमा रहेका छन्। इलामका दुबै क्षेत्रमा रास्वपाका उम्मेदवार चौथो स्थानमा छन्। संखुवासभामा भर्खर मात्रै मत गणना शुरु भएको छ।

## ११ स्थानमा ...

गौतम (चितवन-३), डा. तोसिमा कार्की (ललितपुर-३), इन्दिरा रानामगर (झापा-२), निशा डाँगी (झापा-१), नीतिमा भण्डारी (कार्की) (सर्लाही-१), आशिका तामाङ (धादिङ-१) विजयी भएका छन् भने पुष्पाकुमारी चौधरी (सप्तरी -१) र गौरीकुमारी (महोत्तरी-४)मा अग्रस्थानमा छन्।

पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ कूल १६५ निर्वाचन क्षेत्रमध्ये हाल बाँकी रहेका स्थानमा मतगणना जारी छ। प्रतिनिधिसभा सदस्यको पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ कूल तीन हजार ४०६ मध्ये महिला उम्मेदवार ३८८ जना थिए।

## राजनीतिबाट ...

अवस्था र देशभित्रको जटिल परिस्थितिलाई ध्यानमा राख्दा भावी पुस्ताका लागि देश बचाउन र बनाउन आफूले चाहेजस्तो भूमिका निर्वाह गर्न नसक्ने निष्कर्षमा पुगेको बताएका छन्।

यद्यपि, गैरदलीय (स्वतन्त्र) राजनीति, राजसंस्था पुनर्स्थापना र सुशासनजस्ता मुद्दामा आफ्नो अडान भने यथावत रहने उनले स्पष्ट पारेका छन्। करिब ९ वर्ष लामो राजनीतिक यात्राका क्रममा साथ र सहयोग गर्ने देश-विदेशमा रहेका नेपाली तथा पार्टीका नेता-कार्यकर्ताप्रति उनले आभार व्यक्त गरेका छन्।

मिश्रले आफ्नो सार्वजनिक जीवनमा 'देशभन्दा माथि स्वार्थ' नराख्ने र 'व्यक्तिले पाउने तर देशले नपाउने' कुनै पनि काम नगर्ने प्रतिबद्धता पनि दोहोऱ्याएका छन्। उनी यसअघि २०७४ र २०७९ को प्रतिनिधिसभा निर्वाचनमा पनि काठमाडौं-१ बाट उम्मेदवार बनेका थिए, तर दुवैपटक पराजित भएका थिए।

## एक सिटमा ...

दीपबहादुर शाही ७ हजार १४३, एमालेका उम्मेदवार शान्तिलाल महतले ४ हजार ५ सय १८ मत पाउँदा रास्वपाकी बिनिता कठायत ४२१ मतमै रोकिइन्। यो निर्वाचनमा राप्रपा प्रत्यक्षतर्फ एक सीटमै खुम्चिने देखिएको छ।


## पार्ट टाइम जब

**यस पूर्वाञ्चल दैनिक पत्रिका वितरण गर्न आफ्नै साइकल भएका स्थानीय इच्छुक महिला/पुरुषले तु-सम्पर्क गर्नुहोला।**

**क्षेत्र :** बसपार्क/बुट्टाबारी

**तलब :** ५०००।- माथि (पाँच हजार रुपैयाँ माथि।)

**समय :** बिहान ५:०० बजेदेखि ७:०० बजेसम्म।

**सम्पर्क : ९८०७९१०२२२, ९८०६०३३१५३**

## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा


**वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा**

**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

**हाम्रा सेवाहरु**

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




**सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६**

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

**Advance Pathology Lab**
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# नारी सामर्थ्यको सम्मान

**अंग्रेजी सम्वत् अनुसार आज सन् २०२६ को मार्च महिनाको ८ तारिख । यस दिनलाई विश्वभर नारी दिवसका रुपमा महिला सशक्तिकरण, समानता र सम्मानका कार्यक्रमका साथ दिवस मनाउने गरिएको छ । वैदिक सनातन धर्मका अनुयायी भएका कारण नेपालमा नारी जातिलाई उच्च सम्मान गर्ने परम्परा नै छ । आचार्य मनुद्वारा रचित मनुस्मृतिमा नारीलाई सम्मान गर्नुपर्ने विचार व्यक्त भएको छ । मनुस्मृतिमै भनिएको छ– जहाँ नारीको पूजा अर्थात् सम्मान हुन्छ, त्यही ईश्वर खुशी भएर बस्नेछन् । त्यही आदर्शबाट अनुप्राणित नेपाली संस्कृतिमा नारीलाई विद्या, धन र सामर्थ्यको देवीका रुपमा चित्रण गरिएको छ । पूर्वीय दर्शनको आदर्श अनुरुप नारीलाई धरणी, धर्ती र माताको रुपमा स्वीकार गरिएको छ ।**


**नारी शक्तिको विशिष्टताको सम्मान गर्दै फ्रान्स क्रान्तिका नायक तथा राजनीतिक नेता नेपोलियन बोनापार्टले भनेका थिए– तिमी मलाई एउटी असल आमा देऊ, म तिमीलाई एउटा असल राष्ट्र दिन्छु । यो भनाइले पश्चिमा समाजमा पनि आमा अर्थात् नारी शक्तिप्रति उच्च सम्मान गरिन्थ्यो भन्ने बुझिन्छ । आज त्यही मातृशक्तिको सामर्थ्य र विशिष्टताको स्मरण गर्दै नारी जातिको महत्त्वका बारेमा चेतना विस्तार गर्ने दिन हो । यद्यपि हाम्रो समाजमा सीता, भृकुटी, राजेन्द्रलक्ष्मी देवी जस्ता आदर्श र वीराङ्गनाहरुको कथा पढिन्छ, पढाइन्छ र योगमाया जस्ता महान नारीहरुको समाज रुपान्तरणमा भएका योगदानको गायन गरिन्छ । तर पनि नारीलाई हेर्ने दृष्टिकोण संकीर्ण रहेको दिनहुँ सार्वजनिक हुने गरेका हिंसा, विभेद र दुर्व्यवहारका घटनाहरुले देखाउँछ ।**

**विश्व नारी दिवसकै दिन नेपालीले सम्झिनुपर्ने एउटा नौलो इतिहास पनि दृष्टान्तका रुपमा त उभिएको छ । न्याय सेवा क्षेत्रको नेतृत्व गरेकी सुशीला कार्की जेन–जी विद्रोहले उत्पन्न गरेको संकटको घडीलाई विधिको बाटोमा अवतरण गराउन सफल भएकी छन् । पहिलो महिला प्रधानमन्त्रीको इतिहासको रचना गरेकी कार्कीले वैधानिक ढंगले प्रतिनिधिसभा सदस्यको निर्वाचन सफलतापूर्वक सम्पन्न गरेर तत्कालीन सरकारका कारण उत्पन्न जटिल परिस्थितिलाई विधिको परिधिबाट जननिर्वाचित सरकार बनाउने मार्गप्रशस्त गरेकी छिन् । अनिश्चित र अन्योलपूर्ण अवस्थामा रहेको समयमा सरकारको नेतृत्व लिएकी कार्कीले आफ्नो कार्यादेश ऐतिहासिक रुपमा सफल पारिन् । अनेक आशंका र अनिश्चितताका बीच देशभर एकैदिन शान्तिपूर्वक निर्वाचन सम्पन्न गर्ने उनको साहसलाई सबैले सम्मान गर्नैपर्छ । विश्व नारी दिवसका अवसरमा नेपाली नारीको संयमित, शान्त र परिणाममुखी नेतृत्व र भूमिकाका प्रति विशेष सलाम ।**

# नारी र नारी दिवस



**रेखा सापकोटा**



नारी परिवारको दरिलो खम्बा मात्र होइन, समाजको मेरुदण्ड पनि हो । जन्मदेखि जीवनका हरेक मोडमा नारीले त्याग, माया, संघर्ष, समर्पण र सहनशीलता बोकेकी हुन्छिन् । आमा, छोरी, पत्नी, बुहारी जस्ता अनेक भूमिकामा रहेर नारीले परिवार, समाज र राष्ट्रलाई अगाडि बढाउने अदृश्य शक्ति प्रदान गरेकी हुन्छिन् । त्यसैले नारीलाई समाज निर्माणको महत्त्वपूर्ण आधार मानिन्छ ।

नारी मानव सभ्यताको आधार स्तम्भ हो । परिवार, समाज र राष्ट्र निर्माणको प्रत्येक चरणमा नारीको महत्त्वपूर्ण योगदान रहँदै आएको छ । त्यसैले नारीको योगदान बिना समाजको विकास र सभ्यताको निरन्तरता सम्भव छैन । विश्वभर प्रत्येक वर्ष मार्च ८ का दिन अन्तर्राष्ट्रिय नारी दिवस मनाइन्छ । यो दिवस महिलाको अधिकार, समानता, सम्मान र उपलब्धिहरूलाई उजागर गर्ने उद्देश्यले मनाइने गरिन्छ । नारी दिवस केवल शुभकामना आदानप्रदान गर्ने वा औपचारिक कार्यक्रम गर्ने दिन मात्र होइन, महिलाको अवस्था, उनीहरूले भोगिरहेका समस्या तथा अधिकारका विषयमा गम्भीर रूपमा सोच्ने र समाधान खोज्ने अवसर पनि हो ।

अन्तर्राष्ट्रिय नारी दिवसको इतिहास महिलाहरूको अधिकार र समानताको संघर्षसँग जोडिएको छ । सन् १९औं शताब्दीको अन्त्य र २०औं शताब्दीको शुरुवाततिर औद्योगिक क्रान्तिको प्रभावसँगै धेरै महिलाहरू उद्योग, कारखाना र विभिन्न क्षेत्रमा काम गर्न थाले । तर उनीहरूले पुरुषसरह श्रम गरे पनि समान पारिश्रमिक, सुरक्षित कामको वातावरण र सामाजिक सम्मान पाउन सकेका थिएनन् । यसै सन्दर्भमा सन् १९०८ मा अमेरिकाको न्यूयोर्क शहरमा हजारौं महिला श्रमिकहरूले कामको समय घटाउन, उचित ज्याला पाउन र मतदान अधिकार प्राप्त गर्न माग गर्दै प्रदर्शन गरेका थिए । यस घटनालाई महिला अधिकार आन्दोलनको महत्त्वपूर्ण मोडका रूपमा लिइन्छ । त्यसपछि विभिन्न देशमा महिला अधिकारका लागि आन्दोलनहरू फैलिन थाले ।

सन् १९१० मा डेनमार्कको कोपेनहेगनमा आयोजित अन्तर्राष्ट्रिय समाजवादी महिला सम्मेलनमा जर्मनीकी समाजवादी नेतृ Clara Zetkin ले महिला अधिकार र समानताको मागलाई विश्वव्यापी रूपमा उठाउन 'अन्तर्राष्ट्रिय महिला दिवस' मनाउने प्रस्ताव प्रस्तुत गरेकी थिइन् । पछि सन् १९७५ मा United Nations ले औपचारिक रूपमा अन्तर्राष्ट्रिय महिला दिवसलाई मान्यता दिएपछि यो दिवस विश्वभर व्यापक रूपमा मनाउन थालिएको हो ।

नारी केवल घरभित्र सीमित रहने व्यक्ति होइन, नारी समाज परिवर्तनको चेतना र ऊर्जा पनि हो । मानव सभ्यताको विकासक्रममा महिलाले शिक्षा, साहित्य, कला, राजनीति, विज्ञान, स्वास्थ्य, व्यापार लगायत विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान दिएका छन् । आजका महिलाहरू विभिन्न पेशा र जिम्मेवारीमा रहेर आफ्नो क्षमता प्रमाणित गरिरहेका छन् । शिक्षक, डाक्टर, इञ्जिनियर, वैज्ञानिक, लेखक, राजनीतिज्ञ, उद्यमी लगायत अनेक क्षेत्रमा महिलाको सक्रिय सहभागिता बढ्दै गएको छ । यसले समाजमा महिलाको भूमिका र क्षमता कति महत्त्वपूर्ण छ भन्ने कुरालाई स्पष्ट रूपमा देखाउँछ ।

परिवारको स्तरमा पनि नारीको भूमिका अत्यन्त महत्त्व... हुन्छ । परिवारको भावनात्मक सन्तुलन कायम राख... सन्तानको शिक्षा र संस्कार निर्माण गर्ने, परिवारको आथि... तथा सामाजिक व्यवस्थापन गर्ने जस्ता जिम्मेवारीहरू प्र... महिलाकै काँधमा हुन्छन् । यसरी हेर्दा नारीको योग... केवल घरभित्र सीमित नभई समग्र समाज निर्माण... जोडिएको देखिन्छ । यद्यपि महिलाको योगदान अत्य... महत्त्वपूर्ण भए पनि विश्वका धेरै ठाउँमा महिलाहरू अ... पनि विभिन्न प्रकारका विभेद र समस्याको सामना गरिरहे... छन् । शिक्षा, स्वास्थ्य, रोजगारी र निर्णय प्रक्रिया... महिलाको पहुँच अझै पूर्णरूपमा समान हुन सकेको छै...

लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक कुसंस्कार, असम... ज्याला, आर्थिक निर्भरता जस्ता समस्याहरूले महिला... आत्मसम्मान र स्वतन्त्रतालाई प्रभावित गरिरहेका छ... धेरै समाजमा अझै पनि महिलालाई कमजोर, आश्रित... दोस्रो दर्जाको नागरिकका रूपमा हेर्ने सोच विद्यमान... यस्ता समस्याहरू समाधान गर्न कानूनी व्यवस्था मात्र पर्या... हुँदैन । समाजको सोच, संस्कार र व्यवहारमा परिव... आउनु पनि अत्यन्त आवश्यक हुन्छ । जबसम्म महिला... समान अवसर र सम्मान प्रदान गरिँदैन, तबसम्म वास्तवि... समानता स्थापित हुन सक्दैन ।

नेपालको सन्दर्भमा हेर्दा महिलाको अवस्था विगत... तुलनामा केही सुधार भएको देखिन्छ । शिक्षा, राजनी... सामाजिक सेवा, सञ्चार, साहित्य लगायतका क्षेत्र... महिलाको सहभागिता क्रमशः बढ्दै गएको छ । नेपाल... संविधानले पनि महिलालाई समान अधिकार प्रदान गरे... छ । तर, व्यवहारिक स्तरमा भने अझै धेरै चुनौतीहरू रहे... छन् । ग्रामीण तथा दुर्गम क्षेत्रमा छोरीको शिक्षाला... प्राथमिकता नदिनु, गरिबीका कारण विद्यालय छोड्न बा... हुनु, बालविवाह, दाइजो प्रथा, छुवाछुत, घरेलु हिं... आर्थिक निर्भरता जस्ता समस्याहरू अझै विद्यमान छन्...

धेरै महिलाहरू समान काम गरे पनि पुरुषसरह ज्या... पाउन सकिरहेका छैनन् । सम्पत्तिमा समान अधिकार... प्रयोग, निर्णय प्रक्रियामा सहभागिता, सुरक्षित रोजगार... अवसर जस्ता विषयहरूमा पनि महिलाहरू पछाडि परिरहे... छन् । स्वास्थ्य क्षेत्र पनि महिलाका लागि महत्त्व... चुनौतीको रूपमा देखिन्छ । विशेषगरी ग्रामीण क्षेत्रमा प्रज...

# महिला सशक्तिकरणको तस्वीर

**निर्मलादेवी लामिछाने (वस्ती)**




नेपालको जनसाङ्ख्यिक संरचनामा २,९१,६४,५७८ कुल जनसंख्यामा महिलाको जनसंख्या १,४९,११,०२७ रहेको छ । प्रतिशतका हिसाबले ५१.१ प्रतिशत रहेको छ । लैङ्गिक विकासको आयामले विश्लेषण गर्दा स्रोतसाधनमा पहुँच, सामाजिक सहभागिता, आर्थिक रूपमा आत्मनिर्भर, राजनीतिक सुझबुझ र नागरिक चेतना जस्ता विषयमा हुने गुणात्मक विकासलाई महिला सशक्तिकरण भनेर बुझ्न सकिन्छ । विकासमा महिला, महिला र विकास हुँदै लैङ्गिक विकासको अभ्यास विश्वभर भइरहेछ । संविधान प्रदत्त अधिकार, राजनीतिक क्षेत्रमा आएको बदलाब, अधिकारकर्मीको आन्दोलन, विश्वव्यापी विकासको अभियान, महिला विकासका लागि संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र र राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय अभियन्ताको योगदान स्वरूप महिला सशक्तिकरणका क्षेत्रमा सकारात्मक परिणति देखिन थालेको छ ।

नेपालले वि.सं. २०४८ मा महिलाबिरुद्धका सबैखाले भेदभाव उन्मूलन सम्बन्धी महासन्धि/ सिडको अनुमोदन गरेपछि नीतिगत सामञ्जस्यताको शुरुवात भयो । बेइजिङ घोषणापत्र तथा विशेष सरोकार राख्ने १२ क्षेत्रको पहिचान गरी शिक्षा, स्वास्थ्य, रोजगारी, अवसर, अधिकार, कानून जस्ता विषयमा सापेक्ष सुधार भए । विकासका कार्यक्रममा महिलालाई प्राथमिकता दिन थालियो । राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेशमा आएको सुधारसँगै महिला र विकासको धारणा एकीकृत रूपमा अगाडि बढाइयो । सन् १९८० को दशकबाट 'जेन्डर एन्ड डिभलपमेन्ट'का कार्यक्रम अगाडि सारिए । यसबाट समानता, समता हुँदै महिला र पुरुष शक्ति संरचनामा र सामाजिक एवम् आर्थिक र राजनीतिक पहुँचमा एकताबद्ध हुने अभियान सञ्चालनमा आए ।

लैङ्गिक सन्तुलनको सन्दर्भमा सिडको सातौं आवधिक प्रतिवेदन २०२४ का अनुसार यसको कार्यान्वयनपश्चात् विभेदकारी कानुन खारेज गरिएका छन् । महिला र पुरुष समानताको उपाय वृद्धि भएका छन् । राष्ट्रिय लैङ्गिक समानता नीति लागू भएको छ । अपराध पीडित संरक्षण ऐनको व्यवस्था छ । परम्परागत खराब अन्धविश्वासबिरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गरिएका छन् । मर्यादित रजस्वला सम्बन्धी कानून निर्माणको चरणमा छ । मानव बेचबिखनबिरुद्धका घटनालाई क्रुर, अमानवीय र हदैसम्मको दण्डनीय कार्यमा राखिएको छ । महिलाको राजनीतिक, सामाजिक र अन्तर्राष्ट्रिय सहभागिताका आधार विकास गरिएका छन् । नेपाली महिलाको विश्वव्यापी सञ्जाललाई क्रियाशील बनाइएको छ । आमाको नामबाट नागरिकता लिने तथा नागरिकतामा आमाको नाम राख्ने प्रावधान छ । निःशुल्क र अनिवार्य शिक्षा तथा स्वास्थ्यको प्रावधान छ ।

शिक्षा, स्वास्थ्य, सञ्चार प्रविधि, विकासको पूर्वाधारमा आएको बदलाबसँगै महिला सशक्तिकरणका क्षेत्रमा पनि नयाँ आयाम शुरु हुन थाल्यो । महिलाले शिक्षाको क्षेत्रमा चामत्कारिक फड्को मारेको अवस्था छ । मास मिडियाको विकाससँगै चेतनाका लहर विकास हुन थाले । महिला परनिर्भर हुने सोचबाट आत्मनिर्भरताको बाटोमा अघि बढे । स्वरोजगार, सेवा, उत्पादन जस्ता क्षेत्रमा महिलाको क्रियाशीलता बढ्यो । परम्परागत कृषिबाट उत्पादनमूलक उद्योग, व्यापार र सेवाका क्षेत्रमा महिला अग्रसर हुन थाले । शिक्षा, स्वास्थ्य, निजामती, न्याय प्रशासन, संसद्, संवैधानिक निकाय, संस्थान, निजी संस्थामा रोजगारको अवस्था खोजी हुन थाल्यो । यसरी शिक्षा र रोजगार प्रत्यक्ष जोडिन पुग्यो ।

वि.सं.२०६४ को निजामती सेवा ऐन तथा नियमावलीको प्रावधान र अन्य क्षेत्रगत ऐन नियमावलीमा भएको सुधारको परिणाम स्वरूप सबै सेवा समूहमा समावेशिताको लहर आयो । वि.सं. २०६४ पूर्व छ प्रतिशत भएको निजामती सेवामा महिलाको पहुँच वृद्धि भएर २०८२ मा ३५ प्रतिशत पुगेको छ । नेतृत्व तहमा पुग्ने महिला १२ प्रतिशत रहेका छन् । सङ्घीय संसद्मा १९ प्रतिशत र न्यायपालिकामा २२ प्रतिशत महिला सहभागिता छ । यसैगरी शिक्षा क्षेत्रमा पनि महिला शिक्षकको सहभागिता उत्साहप्रद छ । विद्यालय शिक्षकमा ४४.२ प्रतिशत महिला शिक्षक पेसामा आबद्ध छन् । स्वास्थ्य क्षेत्रमा ४९ प्रतिशत महिला स्वास्थ्यकर्मीको सहभागिता छ भने संवैधानिक निकायमा आठ प्रतिशत महिलाको हिस्सा छ । नेपाली सेनामा १०.५ र नेपाल प्रहरीमा १२.२ प्रतिशत सहभागिता छ भने सशस्त्र प्रहरी बलमा ९.४ जनसंख्या छ ।

नेपालमा वि.सं. २०७२ को संविधान जारी भएपछि आर्थिक समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प प्रावधान बमोजिम सङ्घीय गणतन्त्रात्मक शासन व्यवस्थाको अभ्यास भएको पाइन्छ । शासकीय अभ्यास सङ्घ, प्रदेश र स्थानीय तहबाट हुने व्यवस्था मिलाइएको छ भने शासकीय चरित्र समावेशी छ । वि.सं. २०७९ को निर्वाचनपश्चात् सङ्घीय संसदको प्रतिनिधि सभामा २७५ सांसद मध्ये महिलाको संख्या ९२ छ । यसैगरी राष्ट्रिय सभामा ५९ जनामा २२ जना महिला सांसद छन् ।

नेपालमा प्रदेश सभामा महिलाको हिस्सा ३६ प्रतिशत रहेको छ । स्थानीय सरकारमा ४१.२ प्रतिशत प्रतिनिधि माहिला छन् । यसमध्ये मेयर वा अध्यक्षको पदमा महिलाको प्रतिशत तीन मात्र देखिनुले नेतृत्व र निर्णायक स्थानमा महिला सशक्तिकरणको अवस्था निराशाजनक देखिएकाले राजनीतिक क्षेत्रमा संख्यात्मक बढोत्तरीसँगै गुणात्मक सशक्तिकरणको आवश्यकता उजागर भएको छ । नेपालमा सात सय ५३ पालिकामा २८ पालिकामा महिलाको नेतृत्व छ ।

श्रम बजारमा महिलाको अवस्था विश्लेषण गर्दा महिला आार्थिक उपार्जनमा कम संलग्न छन् । धेरै महिला न्यून बेतनमा काम गरिरहेका छन् । महिला र पुरुषबीचको ज्यालादरमा ठूलो अन्तर छ । निर्वाहमुखी कृषिमा ठूलो महिला जनसंख्या क्रियाशील छ । १५ वर्ष माथिका ५५ प्रतिशत महिला कृषिमा संलग्न छन् । खाना पकाउने, घाँस दाउरा गर्ने जस्ता आर्थिक उपार्जन नहुने काममा महिला संलग्नता छ । श्रम शक्तिमा महिला पुरुषबीच ठूलो विषमता छ ।

पुरुष सहभागिता ५४ प्रतिशत छ भने महिला सहभागिता मात्र २६ प्रतिशत छ । महिलाको तुलनामा पुरुष दुई गुणा बढी रोजगार छन् । काम गर्ने उमेर समूहका २२.९ प्रतिशत महिला कुनै पनि प्रकृतिको रोजगारमा संलग्न छन् । यसरी लैङ्गिक आयामबाट विश्लेषण गर्दा महिलाको वेरोजगारदर बढी छ । महिला वेरोजगार १३.१ प्रतिशत छ । बाल श्रमिकमा केटाको तुलनामा केटीको संख्या धेरै छ । बालश्रमिकमा केटाको हिस्सा १३.९ र केटीको १६.८ रहेको छ । गैरकृषि तथा अनौपचारिक क्षेत्रमा महिलाको प्रतिशत ३२.९ छ ।

नेपालमा महिला सशक्तिकरणका लागि नीतिगत व्यवस्था, संस्थागत व्यवस्था र कानूनी सहायताका कार्यक्रम सञ्चालनमा छन् । लक्षित कार्यक्रम र क्षमता विकासका कार्यक्रम सञ्चालन भइरहेका छन् । यसबाट महिलाको राजनीतिक सशक्तिकरण बढेको छ । रोजगारमा संलग्न महिला आर्थिक रूपले आत्मनिर्भर भएका छन् । महिलाका लागि निःशुल्क कानूनी परामर्श सेवाको व्यवस्था छ । महिलाले नेतृत्व गर्ने घरमुलीको संख्या एकतिहाइ छ । १९.७१ प्रतिशत महिलाको स्वामित्वमा घर जग्गा रहेको छ । 'जेन्डर रेस्पोन्सिभ' बजेटको सुरुवात भएको छ । 'जेन्डर अडिट'का कार्यक्रम तय भएका छन् ।

माथिका दृष्टान्त प्रतिनिधिमूलक हुन । यसले समग्र महिला जनसंख्याको प्रतिनिधित्व गर्दैन यद्यपि सूचक सकारात्मक नभएका होइनन् । ग्रामीण भेगका जनसंख्याको ठूलो हिस्सा कृषिमा संलग्न छ । अझै अन्धविश्वास र कुरीतिका कारण यातनाको सिकार र महिलाको दुःखद् निधन भएका दृष्टान्त पाइन्छ । लैङ्गिक हिंसा, दहेज, बोक्सी, छाउपडी, बेरोजगार, गरिबी, बालविवाह, अनमेल विवाहका कारण महिला प्रताडित छन् । खाडी मुलुकमा श्रम गर्न जाने महिलाको अवस्था दर्दनाक छ । जोखिममा रहेका यस्ता जनसंख्यालाई लक्षित गरी सिप प्रधान कार्यक्रम ल्याइनुपर्छ, शिक्षा र स्वास्थ्यका अवसरमा पहुँच पुऱ्याउनुपर्छ । गोप

## आजको रासिफल





ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, तपाईलाई सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** समय बलवान रहेको छ, आज शुरु गरिएका काम सफलतापूर्वक सम्पन्न हुनेछन्, साथी–भाइसँग छोटो दुरीको रमाइलो यात्रा हुनाले मन प्रशन्न रहला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** समय सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा बादविवादको योग रहेको छ, सतर्क रहनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** मन शान्त रहने छ, पारिवारिक कारणले मनमा खुशी बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्ने हुनाले खर्चिलो योग रहेको छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वस्त्र प्राप्तीको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्त होला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** सन्तान पक्षबाट शुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्ला, व्यवसायमा फाइदाजनक योग छ, भैपरी आउने खर्चले चिन्ता बढ्न सक्ला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** कार्यसिद्धी हुने दिन छ, मान–सम्मानमा वृद्धि हुने समय आएको छ, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** आजको दिन समयले साथ दिएको छ, आज तपाईले नचिताएको ठाउँबाट अकस्मात धन आगमन हुनेछ, परिवारजनमा रमाइलो जमघट हुनेछन् ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउने छ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानाले मन प्रशन्न रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** समय अत्यन्तै बलवान छ, मान–सम्मानमा वृद्धि हुनेछ, व्यापार–व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नेछ, मन हर्षित हुनेछ ।

**मिति २०८२/११/२३ शनिबारको सुनचाँदी मूल्य**

छापावाला सुन प्रति तोला रु. ३,१६,९००।–

चाँदी प्रति तोला रु. ५४७५।–

…यन्त महत्त्वपूर्ण
…कायम राख्ने,
…रको आर्थिक
…वारीहरू प्रायः
…ीको योगदान
…ज निर्माणसँग
…ादान अत्यन्त
…हिलाहरू अझै
…मना गरिरहेका
…य प्रक्रियामा
… सकेको छैन ।
…स्कार, असमान
…ले महिलाको
…रिरहेका छन् ।
…र, आश्रित वा
… विद्यमान छ ।
…था मात्र पर्याप्त
…रमा परिवर्तन
…म्म महिलालाई
…म्म वास्तविक

…स्था विगतको
…क्षा, राजनीति,
…यतका क्षेत्रमा
… छ । नेपालको
…र प्रदान गरेको
…ौतीहरू रहेका
…ो शिक्षालाई
…य छोड्न बाध्य
… घरेलु हिंसा,
…वद्यमान छन् ।
…षसरह ज्याला
… अधिकारको
…त रोजगारको
…छाडि परिरहेका
…गि महत्त्वपूर्ण
… क्षेत्रमा प्रजनन्

स्वास्थ्य सेवा, मातृ स्वास्थ्य सेवा र मानसिक स्वास्थ्य सम्बन्धी जानकारी तथा सेवामा पर्याप्त पहुँच छैन । महिनावारी स्वच्छता, पोषण र स्वास्थ्य सम्बन्धी चेतनाको अभावले पनि महिलाको जीवनस्तरमा प्रभाव पारिरहेको छ ।

**महिला सशक्तिकरणको आवश्यकता**

महिला सशक्तिकरण कुनै विकल्प होइन, यो समाजको समग्र विकासका लागि अनिवार्य आवश्यकता हो । जब महिलाहरू शिक्षित, सक्षम र आत्मनिर्भर हुन्छन्, तब परिवार, समाज र राष्ट्र पनि सशक्त बन्छ । महिला सशक्तिकरणका लागि शिक्षा सबैभन्दा महत्त्वपूर्ण आधार हो । छोरीलाई शिक्षामा समान अवसर प्रदान गर्नु, सीपमूलक तालिमको व्यवस्था गर्नु, उद्यमशीलतामा प्रोत्साहन गर्नु तथा सहुलियत ऋण उपलब्ध गराउनु जस्ता कार्यक्रमहरू प्रभावकारी हुन सक्छन् । त्यस्तै, घरायसी श्रमको मूल्याङ्कन गर्ने सामाजिक सोच विकास गर्नु, महिलामाथि हुने हिंसा रोक्न कडा कानूनी कार्यान्वयन गर्नु, सुरक्षित मातृत्व सेवा, महिनावारी स्वच्छता तथा स्वास्थ्य सेवामा पहुँच विस्तार गर्नु पनि अत्यन्त आवश्यक छ ।

राजनीतिक तथा प्रशासनिक क्षेत्रमा महिलाको सहभागिता बढाउनु पनि सशक्तिकरणको महत्त्वपूर्ण पक्ष हो । केबल संख्यात्मक सहभागिता मात्र नभई निर्णय प्रक्रियामा महिलाको प्रभावकारी भूमिका सुनिश्चित गर्नु जरुरी हुन्छ । अन्तर्राष्ट्रिय नारी दिवसको वास्तविक सन्देश यही हो कि महिलाको सम्मान, अधिकार र समानता सुनिश्चित गर्नु मानव सभ्यताको प्रगतिका लागि अत्यन्त आवश्यक छ । नारी केवल परिवारको आधार मात्र होइन, समाज परिवर्तनको शक्ति पनि हो ।

जबसम्म महिलाहरू शिक्षित, सुरक्षित र आत्मनिर्भर हुँदैनन्, तबसम्म समाजको समग्र विकास सम्भव हुँदैन । त्यसैले संविधानमा लेखिएका अधिकारहरूलाई व्यवहारमा लागू गर्दै लैङ्गिक समानता स्थापित गर्नु आजको प्रमुख आवश्यकता हो । अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा सबै महिलाहरूलाई सम्मान र शुभकामना व्यक्त गर्दै, महिलाको अधिकार र सशक्तिकरणका लागि समाज, राज्य र सम्पूर्ण नागरिकले संयुक्त रूपमा प्रयास गर्नुपर्ने आवश्यकता अझ महत्त्वपूर्ण रहेको कुरा स्मरण गराउन चाहन्छु ।

*(लेखक वाल्मीकि एजुकेशन फाउण्डेशनकी शिक्षक हुन् ।)*

# अन्तर्राष्ट्रिय झापाली समाजको नेपाल समन्वय समिति गठन



**बिर्तामोड, फागुन २३ ।** विश्वभर विभिन्न मुलुकमा रहेका झापालीहरुको साझा संस्था अन्तर्राष्ट्रिय झापाली समाजको नेपाल समन्वय समिति गठन भएको छ ।

अन्तर्राष्ट्रिय झापाली समाजका अध्यक्ष महेन्द्रप्रसाद चम्लागाँई र उपाध्यक्ष चुडामणि कार्कीसहितको उपस्थितिमा झापाको बिर्तामोडमा सम्पन्न एक भेलाले समाजको नेपाल समन्वय समिति बनाएको हो ।

समन्वय समितिको संयोजकमा दमकका राजु थापा चयन भएका छन् । सहसंयोजकमा कृष्णप्रसाद चापागाँई र सचिवमा बिर्तामोडका सुदर्शन रोका सर्वसम्मत चयन भएका छन् । समितिका सदस्यहरु भने पछि थप गरिने बताइएको छ ।

झापाका हरेक स्थानीय तहबाट कम्तीमा दुई जनाको प्रतिनिधित्व हुनेगरी समितिमा सदस्य थप गरिने बताइएको छ । समाजका अध्यक्ष चम्लागाँईले नेपाल समन्वय समिति बनेपछि समाजका योजना कार्यान्वयनमा सहज हुने बताएका छन् । उनले समाजको विधान बमोजिम समिति बनाइएको बताए ।

समाजका उपाध्यक्ष कार्कीले विगतदेखि हालसम्म समाजले गरिरहेको कामको बारेमा बताउँदै भेलाको औचित्य बारे प्रष्ट्याएका थिए । उक्त भेलामा झापा घर भई विभिन्न मुलुकमा शिक्षा, व्यवसाय तथा रोजगारीको सिलसिलामा रहेका र स्वदेश फर्किएकाहरुको सहभागिता थियो ।

भेलामा गुरुभक्त काफ्ले, फूलकुमार धमला, मनोज बस्नेत, विजयकुमार मगर, नेत्रप्रसाद प्रसाईं, पिताम्बर निरौला, विष्णु बन्जरा, गोविन्द घिमिरे, रोशन बस्नेत, लोक थापा, मनोज बुढाथोकी, युवराज चापागाँई लगायतको सहभागिता थियो ।

भेलामा नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीले झापाको विकास, विपद्मा सहयोग, मानवीय सेवा लगायतका क्षेत्रमा अन्तर्राष्ट्रिय झापाली समाजले पुर्‍याउँदै आएको योगदानको प्रशंसा गर्दै नवगठित समितिलाई बधाई तथा शुभकामना ज्ञापन गरे ।

# लागूऔषधसहित एकजना पक्राउ

**मोरङ, फागुन २३ ।** विराटनगर महानगरपालिका-१६ हुलास चोकबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ करिब १० ग्राम एक सय मिलिग्रामसहित सुन्दरहरैंचा नगरपालिका-८ बस्ने २६ वर्षीय अनिल प्रधानलाई प्रहरीले पक्राउ गरेको छ ।

लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय विराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

# बिर्तामोड एजुकेशन फाउण्डेशनको वार्षिकोत्सव

**बिर्तामोड, फागुन २३ ।** बिर्तामोडमा मुख्य कार्यालय रहेको शैक्षिक परामर्श केन्द्र 'बिर्तामोड एजुकेशन फाउण्डेशन प्रालि'ले १०औं वार्षिकोत्सव मनाएको छ ।

इलामको पर्यटकीय नगरी सूर्योदय नगरपालिका अन्तर्गत श्रीअन्तुमा बिर्तामोड एजुकेशन फाउण्डेशनले आफ्नो १०औं वार्षिकोत्सव मनाएको हो ।

उच्च शिक्षा अध्ययनका लागि विदेश जान चाहने विद्यार्थीलाई आवश्यक शैक्षिक परामर्श दिने उद्देश्यले बिर्तामोड एजुकेशन फाउण्डेशन स्थापना भएको थियो ।

फाउण्डेशनका अध्यक्ष राजकुमार कार्कीका अनुसार धुलाबारी, बुधबारे, सुरुङ्गा, चारआली, इलामको फिक्कल र इलाम बजारमा नै फाउण्डेशनको शाखा कार्यालय समेत स्थापना गरिएको छ ।

विभिन्न क्षेत्रमा शाखा कार्यालय स्थापना गरी विद्यार्थीलाई आवश्यक शैक्षिक परामर्श सेवा प्रदान गरिरहेको अध्यक्ष कार्कीले बताए । फाउण्डेशनको मुख्य कार्यालय भने बिर्तामोड नगरपालिका-४ स्थित भद्रपुर रोडमा रहेको छ ।

बिर्तामोड एजुकेशन फाउण्डेशनले उच्च शिक्षा अध्ययनका लागि जापान, अष्ट्रेलिया, युके, क्यानडा, दक्षिण कोरिया तथा यूरोपियन मुलुक जान चाहने विद्यार्थीका लागि आवश्यक शैक्षिक परामर्श सेवा प्रदान गर्दै आएको छ । फाउण्डेशनले जापानिज, इङ्लिस, कोरियन भाषा प्रशिक्षणका साथै कम्प्युटर कक्षा र आईएलटीएस कक्षा समेत सूचारु गरिरहेको छ ।

स्थापनाको १०औं वार्षिकोत्सवका अवसरमा फाउण्डेशनका अध्यक्ष कार्कीले सम्पूर्ण सहयोगी तथा शुभचिन्तकमा आभार व्यक्त गरेका छन् । अध्यक्ष कार्कीले सम्पूर्ण शुभचिन्तक, अग्रज व्यक्तित्व, शाखा प्रमुख लगायत कर्मचारी परिवार, विद्यार्थी, अभिभावक तथा सञ्चारकर्मीहरुमा कृतज्ञतासहित धन्यवाद दिएका छन् ।




इक्यान झापाका अध्यक्ष समेत रहेका कार्कीले भरपर्दो शैक्षिक परामर्श केन्द्रको रुपमा 'बिर्तामोड एजुकेशन फाउण्डेशन प्रालि'ले सबैको मन जित्न सफल भएको उल्लेख गरे । आगामी दिनमा अझ सशक्त, सक्रिय र उत्कृष्ट सेवाको साथ सामाजिक उत्तरदायित्व बहनमा थप जिम्मेवार भई इमान्दारिताका साथ अविचलित रुपमा अगाडि बढ्ने अध्यक्ष कार्कीको भनाइ छ ।

उनले सबै शाखाका कर्मचारीहरुलाई शैक्षिक परामर्श दिँदा बिर्तामोड एजुकशेन फाउण्डेशनको मर्मलाई नभुल्न सुझाव दिए । एक दशकसम्म एउटा संस्था सञ्चालनमा रहनु आफैंमा उत्कृष्ट भन्दै अध्यक्ष कार्कीले आम विद्यार्थी तथा अभिभावकको विश्वास गुम्न नदिने प्रतिबद्धता जनाए ।


Ganapati Bakers
Finest Bakery in town



गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

विशेषज्ञ डाक्टरहरूको सेवा अब
कान्तिपुर मेडिसीन सेन्टर
उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ । साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३-५३२८४५)

वैदेशिक रोजगार
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई सम्झनुहोस् । हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

वैदेशिक रोजगार
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ । सम्पर्क गर्नुहोला ।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्क : ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३
बिर्तामोड, झापा

वैदेशिक रोजगार
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

UNited International Group
UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No .309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

हामीलाई सम्पर्क गर्नुहोस्
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
नोट: सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

शुद्ध दूधको स्वस्थ उत्पादन
कोसेली
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

घर ढलान गर्नुछ ?
तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल–पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नु परेमा सधैं सम्झनुहोस् ।
सेवामा २४सैं घण्टा उपलब्ध छौं ।
सम्पर्क :
९८०२३१३२९०
९८२४०५७७०७
९८०२३१३२९३





डेंगी रोगबाट आफू बचौं अरूलाई पनि बचाऔं



बिर्तामोड नगरपालिकाले डेङ्गी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियान सुरू गरेको हुँदा सबै जना अनिबार्य सहभागी बनौं ।

**डेंगी के हो ?**

डेंगी लामखुट्टेबाट सर्ने भाइरल संक्रमण वा रोग हो । डेंगीका कारण उच्च ज्वरो आउने,बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरू र ढाड दुख्ने, शरीरमा विविरा आउने, रिँगटा लाग्ने, वाकवाकी, वान्ता हुने, यसका साथै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुने गर्दछ ।

**डेंगीबाट बच्न के गर्न सकिन्छ ?**

- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पूरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरू अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरूमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने ।

डेंगीविरूद्ध खोप र खास उपचार समेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो । डेंगीको शंका लाग्नासाथ नजिकैको स्वास्थ्य संस्थामा अनिवार्य जानुहोस् ।

जनहितका लागि
बिर्तामोड नगरपालिका
झापा, कोशी प्रदेश



अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह



डाक्टर आउने समय :
बिहान ११:00 बजेदेखि ५:00 बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposjte of Paschim Bus Stand

आयुर्वेद उपचार
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

कार्की ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा– ४, झापा

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website
www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
नि:शुल्क चेक–अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।



सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

ताप्लेजुङ -पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
– गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
– बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
– शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
– प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
– प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई



बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

सिलिङ सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३